नेपाल सरकार
वन तथा भू-संरक्षण मन्त्रालय
भू तथा जलाधार संरक्षण विभाग
(प्रशासन तथा आन्तरिक व्य. शाखा)

फोन नं. ४२२०८२८
४२२०८५७
४२२०५५२
फ्याक्स नं. ९७७-१- ४२२१०६७
पो. ब.नं. ४७१९
बबरमहल, काठमाडौं, नेपाल ।
Website: www.dscwm.gov.np

प.सं. २०७४।०७५
च.नं. १४०

मिति : २०७४/५/१९

**विषय : - निजामती सेवा दिवस २०७४ मूल समारोह समितिको निर्णय कार्यान्वयन सम्बन्धमा ।**

श्री जिल्ला भू संरक्षण कार्यालय
६१ जिल्ला सबै ।

वन तथा भू-संरक्षण मन्त्रालयको क.प्र./१४२१/०७४/७५ नं. २५६, मिति २०७४/५/७ गतेको पत्रबाट निजामती सेवा दिवस, २०७४ मूल समारोह समितिको मिति २०७४।४।३१ गतेको बैठकबाट हालको प्राकृतिक प्रकोपबाट सृजित विषम परिस्थितिमा निजामती सेवा दिवस मनाउने छुट्टै सोच लिई यस वर्षको निजामती सेवा दिवस बाढी पिडित केन्द्रित हुने गरी मनाउने निर्णय भएकोले सम्बन्धित निर्णयहरु कार्यान्वयन गर्न गराउनु हुन भनि लेखि आएको हुँदा लेखि आए बमोजिम मूल समारोह समितिको निर्णयको फोटोकपी पाना २ (दुई) जानकारी एवं आवश्यक कार्यान्वयनको लागि यसै साथ पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(अर्जुन गौतम)
उपसचिव

निर्णयहरु

केही दिन देखिको अविरल वर्षाका कारण आएको बाढी पहिरोबाट देशभरीका २६ जिल्ला प्रभावित भइ ठूलो जनधनको क्षति भएको छ । १०० भन्दा बढीको मृत्यु भएको छ भने ५० भन्दा बढी बेपत्ता भएका छन । त्यसैगरी ३४ हजार घरहरु डुवानमा परी हजारौं विस्थापित भएका छन । पूर्वी नेपालका साथै मध्य र पश्चिम नेपालमा पर्ने पूर्व पश्चिम राजमार्गका सडक एवं पुल समेत क्षतिग्रस्त भइ सर्वसाधारण जनताको जनजिवन अत्यन्त कष्टकर भएको यस विषम परिस्थितिमा निजामती सेवा दिवस मनाउने तर्फ छुट्टै सोच लिनु पर्ने देखिन्छ । निजामती सेवा दिवस मूल समारोह समितिको मिति २०७४।०४।१५ को निर्णानुसार गरिने भएका विभिन्न कार्यक्रमहरु हाललाइ बाढी पिडित केन्द्रित हुने गरी यस वर्षका लागि देहाय बमोजिम मनाउने निर्णय गरियो ।

१. निजामती सेवा दिवस २०७४ मनाउने सन्दर्भमा निजामती सेवा पुरस्कार, २०७४ को घोषणा गरी अनुकूल समयमा वितरण गर्ने ।

२. निजामती सेवा दिवस २०७४ बाढी पिडितलाइ लक्षित गरी स्वास्थ्य शिविर, बृक्षारोपण एवं रक्तदान जस्ता कार्यक्रम संचालन गरी गर्ने ।

३. "विपद् व्यवस्थापनमा निजामती कर्मचारीको भूमिका" सम्बन्धमा निबन्ध प्रतियोगिता गर्ने ।

४ निजामती सेवा दिवस २०७४ को नारा "निजामती कर्मचारीको प्रतिवद्धता : पारदर्शिता र चुस्तता" छनौट गर्ने ।

५. निजामती सेवा दिवस २०७४ को उपलक्ष्यमा सम्माननीय प्रधानमन्त्रीज्यू, माननीय सामान्य प्रशासन मन्त्रीज्यू, मुख्यसचिवज्यू र सामान्य प्रशासन सचिवज्यूको शुभकामना सन्देश मिति २०७४।०५।२२ गतेको गोरखापत्रमा प्रकाशन गर्ने ।

६. निजामती सेवा दिवस २०७४ बाढी पिडितलाइ लक्षित गरी मितव्ययी ढंगले मनाउने प्रयोजनका लागि संलग्न कार्यक्रम स्वीकृत गरी नपुग हुने रकम रु. २६ लाख ४० हजार निकासाका लागि अर्थ मन्त्रालयलाइ अनुरोध गर्ने ।

मुख्य सचिव

७. देशका वाढीपिडित व्यक्तिहरुको सहयोगार्थ निजामती कर्मचारीहरुले आफ्नो तलबबाट निम्न अनुसार हुने रकम सहयोग गर्ने ।

१. विशिष्ट श्रेणीका कर्मचारीहरुको - ५ दिन

२. रा. प. प्रथम श्रेणीका कर्मचारीहरुको – ४ दिन

३. रा. प. द्वितीय र तृतीय श्रेणीका कर्मचारीहरुको – ३ दिन

४. राजपत्र अनंकित कर्मचारीहरुको – २ दिन

५. श्रेणी विहिन कर्मचारीहरुको- १ दिन

मुख्य सचिव